"साँस्कृतिक शान, आठराईको पहिचान"

# आठराई राजपत्र

# आठराई गाउँपालिकाद्वारा प्रकाशित

## खण्ड ६ संख्याः २२

**सम्झौता मितिः २०८०/१०/०३**

**राजपत्रमा प्रकाशित मितिः २०८०/११/१५**

## <u>भाग २</u>

**आठराई गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**संक्रान्तिबजार, तेह्रथुम**

**कोशी प्रदेश, नेपाल।**

# मुख्यमन्त्री अत्यावश्यक सेवा केन्द्र स्थापना गर्न

आठराई गाउँपालिका, तेह्रथुम — फेदाप

गाउँपालिका, तेह्रथुम

र

प्रदेश सरकार, आन्तरिक मामिला तथा कानून

मन्त्रालय, कोशी प्रदेश बीच भएको

सम्झौतापत्र

## मुख्यमन्त्री अत्यावश्यक सेवा केन्द्र स्थापनाका लागि गरिएको सहलगानी सम्झौता

प्रदेश विपद व्यवस्थापन ऐन, २०७५ को दफा ३८ ले दिएको अधिकार अर्न्तगत प्रदेश सरकारले मुख्यमन्त्री अत्यावश्यक सेवा केन्द (संचालन तथा व्यवस्थापन) कार्यविधि, २०७९ तयार गरि लागू गरेको छ । यस कार्यविधिका आधारमा प्रदेश सरकार आन्तरिक मामिला तथा कानून मन्त्रालयले ले तेह्रथुम जिल्लाका दुई स्थानियतहहरु आठराई गाउँपालिका र फेदाप गाउँपालिकासँग आठराई गाउँपालिकामा मुख्यमन्त्री अत्यावश्यक सेवा केन्द्र स्थापनाका लागि समझदारी कायम भएको छ। यस कार्यमा मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय अर्न्तगत सञ्चालित प्रदेश सहयोग कार्यक्रमले विस्तृत परियोजना प्रतिवेदन तयार गर्न सहयोग गरेको छ। मिति २०८० साल माघ ३ गते आन्तरिक मामिला तथा कानुन मन्त्रालय र सम्वन्धित स्थानिय तहहरुसँगको संयुक्त बैठकले सो विस्तृत परियोजना प्रतिवेदन र लागत अनुमान स्विकृत गरेको छ। योसहलगानी सम्झौता (यस पछि सम्झौता भनिएको) कोशी प्रदेश सरकार आन्तरिक मामिला तथा कानून मन्त्रालय (यसपछि मन्त्रालय भनिएको), तेह्रथुम जिल्लाका दुई स्थानिय तहहरु - आठराई गाउँपालिका र फेदाप गाउँपालिका (यस पछि स्थानीय तहहरु भनिएको) विच मुख्यमन्त्री अत्यावश्यक सेवाकेन्द्रको संरचना निर्माण गरि संचालन गर्न देहाय बमोजिमको शर्त कायम हुने गरी सहलगानी सम्झौतामा हस्ताक्षर गरी एक एक प्रतिलियौं/दियौं ।

मन्त्रालयले पालना गर्नुपर्ने शर्तहरु:

१) मुख्यमन्त्री अत्यावश्यक सेवा केन्द (संचालन तथा व्यवस्थापन) कार्यविधि, २०७९ को प्रावधान बमोजिम प्रदेशस्तरमा निर्देशक तथाअनुगमन समिति र स्थानिय स्तरमा सेवा केन्द्र सञ्चालन तथा व्यवस्थापन समित गठन गर्न सहजिकरण गर्ने ।

२) मुख्यमन्त्री अत्यावश्यक सेवा केन्द (संचालन तथा व्यवस्थापन) कार्यविधि, २०७९ को प्रावधान वमोजिम स्थानिय तहमा सेवा केन्द्र सञ्चालन कोष स्थापना गर्न सहजिकरण गर्ने ।

३) स्विकृत विस्तृत परियोजना प्रतिवेदन अनुरुप परियोजनाको कूल लागत (भ्याट र कन्टिन्जेन्सी समेत) रु.१३,८२,०६,४८४ (अक्षरेपी रु. तेह्र करोड वयासी लाख छ हजार चारसय चौरासी मात्र) मध्य ५० प्रतिशतले हुन आउने लागत रु ६,९१,०३,२४२ (अक्षरेपीछ करोड एकानब्बे लाख तिनहजार दुई सय वयालिस मात्र) सशर्त अनुदानको रुपमा वित्तिय हस्तान्तरण मार्फत प्रदान गरिने छ ।

४) यसरी व्यहोर्नु पर्ने लागत रु रु ६,९१,०३,२४२ (अक्षरेपी छ करोड एकानब्वे लाख तिनहजार दुई सय वयालिस मात्र)) मध्ये चालू आ.व.०८०।०८१ मा रु. २,००,००,०००।००..(अक्षरेपी रु. दुइ करोड मात्र) सम्वन्धित स्थानियतहले कोष सञ्चालन गरेपछि सञ्चालन कोषमा सशर्त अनुदानको रुपमा वित्तय हस्तान्तरण मार्फत निकासा गरि पठाउने ।

५) यस मन्त्रालयले व्यहोर्नु पर्ने कुल लागतको बाँकि रकम आगामी दुईआ.व.भित्र सेवा केन्द्र सञ्चलन कोषमा निकासा गरि पठाउने व्यवस्था गर्ने ।

६) स्विकृत विस्तृत परियोजना प्रतिवेदन अनुरुप परियोजनाको कूललागत को २० प्रतिशत वा रु. दुई करोड मध्ये जुन कम छ सो रकम योगदान गर्ने प्रावधान अनुरुपले हुनआउने रकम रु.

२०८०।१०।३

२,००,००,०००।०० (अक्षरेपी दुई करोड  मात्र) मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय अर्न्तगत सञ्चालित प्रदेश सहयोग कार्यक्रमवाट चालू आ.व. २०८०/८१ मा नै सोभै सेवा केन्द्र सञ्चालन कोषमा जम्मा गर्ने कार्यको लागि आवश्यक समन्वय गर्ने ।

७) मुख्यमन्त्री अत्यावश्यक सेवा केन्दको संरचना निर्माण कार्यमा अनुगमन, मुल्याङ्कन र प्राविधिक सहयोग मन्त्रालयले प्रदेश सहयोग कार्यक्रम मार्फत प्रदान गर्नेछ ।

**स्थानीयतहहरुले पालना गर्नुपर्ने शर्तहरु:**

१) मुख्यमन्त्री अत्यावश्यक सेवा केन्द (संचालन तथा व्यवस्थापन) कार्यविधि, २०७९ को प्रावधान बमोजिम प्रदेश स्तरमा गठन गरिएको निर्देशक तथा अनुगमन समितिको परामर्श र निर्देशनमा स्थानियस्तरमा सेवा केन्द्र सञ्चालन तथा व्यवस्थापन समित गठन गर्ने ।

२) मुख्यमन्त्री अत्यावश्यक सेवा केन्द (संचालन तथा व्यवस्थापन) कार्यविधि, २०७९ को प्रावधान बमोजिम स्थानिय तहमा सेवा केन्द्र सञ्चालन कोष स्थापना गर्ने ।

३) सेवा केन्द्र सञ्चालन कोषमा दोस्रोपक्षले स्विकृत लागतमा प्रदेश सरकार र प्रदेश सहयोग कार्यक्रमले गर्ने योगदान वाहेकको रकम रु. ४,९१,०३,२४२ (अक्षरेपीरु. चार करोड एकानब्बे लाख तिनहजार दुई सय वयालिस मात्र) संलग्न प्रत्येक स्थानिय तहहरुले आपसि सहमतीको आधारमा लगानी गर्ने ।

४) स्थानीयतहहरुले व्यहोर्नु पर्ने कुललागत रकममध्येवाट चालू आ.व.मा रु           .
(अक्षरेपी                                   मात्र । ) चालू आ.व. २०८०/८१मा सेवा केन्द्र सञ्चलन कोषमा जम्मा गर्ने ।

५) स्थानीय तहहरुले व्यहोर्नु पर्ने कुल लागतको बाँकि रकम आगामी दुई आ.व.भित्र  सेवा केन्द्र सञ्चलन कोषमा जम्मा गर्ने ।

६) कार्य विधिको दफा ६ (क) बमोजिम सेवा केन्द्र स्थापनार्थ आवश्यक संरचना निर्माण एवं केन्द्र संचालनका लागी आवश्यक पर्ने अन्य स्रोत, साधन, सामग्री,उपकरण हरुको ब्यबस्थापन लगायतको विषय उल्लेख भएको विस्तृत कार्य योजना निर्देशन तथा अनुगमन समितिवाट अग्रीम रुपमा स्वीकृत गराउनु पर्ने छ ।

६) मुख्यमन्त्री अत्यावश्यक सेवा केन्द स्थापना गरिने स्थानीय तहले जग्गाको स्वामित्वलि वा भोगचलन अधिकार लिने  र मुख्यमन्त्री अत्यावश्यक सेवा केन्द स्थापना गर्न स्विकृत विस्तत परियोजना प्रतिवेदन वमोजिम संरचनानिर्माण गर्न आवश्यक खरिद प्रकृया चालु आ.व.०८०।०८१ म नै शुरु गर्ने । संरचना निर्माणको ठेक्का व्यवस्थापन सार्वजनिक खरिद ऐन २०६३, नियामावली २०६४ एवं अन्य प्रचलीत खरिद कानूनको अधिनमा रहीं गर्नु पर्ने छ । ठेक्का व्यवस्थापनका लागी खरिद संझौता गर्दा भौतिक संरचनाको गुणस्तर सुनिश्चितता, समयमा नै कार्य संमन्न गर्ने सुनिश्चितता लगायतको विषयमा सम्झौताको ढांचा निर्देशक समितिवाट स्वीकृत गराउनु पर्ने छ ।

७) मुख्यमन्त्री अत्यावश्यक सेवा केन्द को संरचनानिर्माण कार्यको अनुगमन, मुल्याङ्कन र प्राविधिक सहयोगका लागी प्रदेश सहयोग कार्यक्रम सँग समन्वय र सहकार्य गर्ने ।

*नोट :- यस सम्झौतामा उल्लेख भएको विषय यसै अनुसार र अन्य विषयमा मुख्यमन्त्री अत्यावश्यक सेवा केन्द् ( संचालन तथा व्यवस्थापन ) कार्यविधि २०७९ र अन्य प्रचलीत नेपाल कानून वमोजिम हुनेछ ।*

स्थानीयतहहरुको तर्फबाट

मन्त्रालयको तर्फबाट

.................................

श्रीदिलकुमार प्रहिम
अध्यक्ष
आठराई गाउँपालिका
तेह्रथुम

श्री केशव प्रसाद भेटवाल
अध्यक्ष
फेदाप गाउँपालिका
तेह्रथुम

.................................
२०८०।१०।३

लक्ष्मी प्रसाद पौडेल
प्रदेश सचिव
आन्तरिक मामिला तथा कानुन
मन्त्रालय
कोशीप्रदेश

रोहवर

१.माननीय मन्त्री शम्सेर राई , आन्तिरिक मामिला तथा कानून मन्त्रालय

२.श्री निरोज शर्मा , प्रमुख प्रशासकीय अधिकृत, आठराई गाउँपालिका

३.श्री विष्णुप्रसाद आचार्य , प्रमुख प्रशासकीय अधिकृत, फेदाप गाउँपालिका

४.श्री विनोद प्रसाद उपाध्याय, टिम लिडर, प्रदेश सहयोग कार्यक्रम

मितिः २०८० माघ ३ गते ।

Aathrai Rural Mu...
Office of Rural Municip...
Sankrantibazar, Tehr...
Koshi, Province

Establishment of Integrated Emergency Response Center (IERC) Under Ch... Essential Servic Center (CMESC)

**Work Break Down Schedule**

Participating Local Government: Aathrai Rural Municipality, Phedap Rural Municipality, Tehrathum

| S.N. | DESCRIPTIONS OF WORK | 2080 | | 2081 | | | | | | | | | | | | 2082 | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | Falgun | Chaitra | Baisakh | Jesthh | Asadh | Srawan | Bhadra | Ashoj | Kartik | Mangsir | Paush | Magh | Falgun | Chaitra | Baisakh | Jesthh | Asadh | Srawan | Bhadra | Ashoj | Kartik | Mangsir | Paush | Magh | Falgun | Chaitra |
| A. | Bid Preparation | ■ | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | Bid Document Preparation | | ■ | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | Notice Publications | | ■ | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | Evaluation of Technical Bid | | | ■ | | | | | | | | | | | | | | | | | | | | | | | |
| | Evaluation of Financial Bid | | | ■ | | | | | | | | | | | | | | | | | | | | | | | |
| | Issuance of LOI, LOA and Contract agreement | | | ■ | | | | | | | | | | | | | | | | | | | | | | | |
| B | CONSTRUCTION PHASE | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | Site preparation and land development | | | | ■ | | | | | | | | | | | | | | | | | | | | | | |
| | Retaining and Protection structure | | | | | ■ | ■ | | | | | | | | | | | | | | | | | | | | |
| | Civil works | | | | | | | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | | | |
| | Sanitary and Plmbing works | | | | | | | | | | | | | | | | | | | | | | | | ■ | | |
| | Electrical Works | | | | | | | | | | | | | | | | | | | | | | | | | ■ | |
| C | Project handover and Operation | | | | | | | | | | | | | | | | | | | | | | | | | | ■ |

Prepared By:
Signature:
Name: Ugen Mani Limbu
Designation: Engineer
Date: 2080/10/02

Approved By:
Signature:
Name: Niraj Sharma
Designation: Chief Administrative Officer
Date: 2080/10/02

आज्ञाले,
श्री निराज शर्मा
प्रमुख प्रशासकीय अधिकृत
आठराई गाउँपालिका

आठराई राजपत्र